# राजनीतिक अस्थिरता र स्थिरतामा प्रशासनयन्त्र



**शारदाप्रसाद त्रिताल**
**पूर्व सचिव, नेपाल सरकार**

## १. विषय प्रवेश

देशको राजनीतिक कार्यसूचीलाई कार्यान्वयन गर्ने संयन्त्र प्रशासनयन्त्र हो । यसैले राजनीति र प्रशासन एक अर्काका परिपूरक हुन् भन्ने गरिन्छ । व्यवहारगत रुपमा हेर्दा पनि एक विना अर्कोको सफलता असंभव नै हुन्छ । तर राजनीति र प्रशासनका केही आ-आफ्ना मूल्य मान्यता र सीमाहरु पनि छन्, जसको कारणले यी दुईका बीचमा निरन्तर द्वन्द्व पनि चलिरहेको हुन्छ । राजनीतिक रुपले राष्ट्र स्थिर रहेको वा अस्थिर रहेको अवस्थामा प्रशासनयन्त्र कसरी सञ्चालित हुनुपर्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । नेपालमा अहिले लामो समयदेखि चलेको राजनीतिक अस्थिरताबाट स्थिरताको बाटोमा आइपुगेको अवस्था छ । विगतको राजनीतिक अस्थिरताको समयमा प्रशासनयन्त्र नेपालको इतिहासकै सबैभन्दा कमजोर अवस्थाबाट गुज्रिरहेको थियो । यसले गर्दा राज्य संयन्त्र जनताको हितमा प्रयोग हुन सकिरहेको थिएन । त्यसको प्रभाव अहिलेसम्म पनि देखिइरहेको छ ।

स्थिर राजनीतिक परिवेशमा प्रशासनको भूमिका र राजनीतिक अस्थिरताको समयमा प्रशासनको भूमिका फरक हुन्छ । देशको राजनीति र प्रशासनको सुझबुझको मापन पनि यही अवस्थामा हुन्छ । राजनीतिक अस्थिरता रहेको अवस्थामा राजनीतिले प्रशासनप्रति कत्तिको विश्वास गरेको छ भन्ने कुरा यसै अवस्थामा हेर्ने गरिन्छ । यसैगरी राजनीतिक अस्थिरताको समयमा प्रशासनयन्त्र जनताप्रति कत्तिको उत्तरदायी बनेको छ र अस्थिरताको समयमा जनताले गरेका अपेक्षाको सम्वोधन गर्न प्रशासनयन्त्र कति हदसम्म क्रियाशिल रहन सक्यो भन्ने कुराको मूल्याङ्कन पनि गर्न सकिन्छ । सामान्यतः अस्थिर परिवेशको उदाहरणलाई आधार मानेर वा शिक्षा लिएर राजनीतिक स्थिरताको समयमा प्रशासनयन्त्रमा व्यापक सुधार गर्नुपर्ने हुन्छ । त्यसैले नयाँ ठूलो राजनीतिक परिवर्तनपछि निर्वाचनबाट गठन भएको सरकारले सर्वप्रथम प्रशासनयन्त्रमा सुधारको रणनीति अघि सार्ने गरेको पाइन्छ । तर नेपालमा २०७२ सालमा नयाँ संविधान बनेर सो अनुसार गठन भएको सरकारले हालसम्म सुधारको ठोस खाका अघि नबढाउँदा प्रशासनयन्त्रमा तत्काल सुधार हुने सम्भावना

देखिएको छैन । अहिले प्रशासनयन्त्र यस्तै टालटुले प्रक्रियाबाट सुधार हुन सक्छ त भन्ने प्रश्न उठ्ने गरेको पाइन्छ । अब पनि प्रशासनयन्त्रको सुधारमा विशेष ध्यान दिन नसकेमा राजनीतिक उपलब्धिमा नै प्रश्नचिन्ह उठ्न सक्ने अवस्था देखिन्छ ।

## २. राजनीतिक अस्थिरताको अवस्थामा प्रशासन

सामान्यतः राजनीतिक अस्थिरतामा प्रशासन पनि अस्थिर र कमजोर हुन्छ भन्ने मान्यता राखिन्छ । आमरुपमा हेर्दा यो वास्तविक पनि हो । तर कतिपय मुलुकहरुको इतिहास अध्ययन गर्ने हो भने राजनीतिक अस्थिरता भएको अवस्थामा पनि प्रशासनयन्त्र मजबूत रही देशको विकासमा उल्लेख्य योगदान गरेको अवस्था पनि देखिएको छ । फ्रान्स, इटाली, जापान, र भारत समेतको उदाहरण हेर्दा लामो समयसम्म राजनीतिक अस्थिरता भएपनि प्रशासनयन्त्र सबल रहेको देखिन्छ । अथवा, सही तरिकाले व्यवस्थापन गरियो भने र प्रशासनलाई राजनीतिको गोटी बनाइएन भने प्रशासनयन्त्रले स्वाभाविक रुपमा काम गर्न सक्छ । यो पनि वास्तविकता हो कि राजनीतिक अस्थिरताको अवस्थालाई हेर्ने दृष्टिकोण र अस्थिरताको व्यवस्थापन गर्ने प्रक्रियाहरु फरक फरक हुन सक्छन् । यस विषयलाई तल उल्लेख भए अनुसार राजनीतिक, प्रशासनिक र नागरिक समाजको दृष्टिकोणले हेर्न सकिन्छ :

### (क) अस्थिरताप्रतिको राजनीतिक दृष्टिकोण

राजनीति स्वभावैले अस्थिर हुन्छ । अस्थिरताबाटै राजनीतिलाई जीवन्तता दिन सकिन्छ भन्ने प्रवृत्ति राजनीतिकर्मीहरुमा हुने गरेको देखिन्छ । सरकारमा बहुमत प्राप्त दलको प्रतिनिधित्व हुनु मात्रले पनि राजनीतिक स्थिरता हुन्छ भन्न सकिंदैन । नेपालमा २०४८ सालमा गठित सरकार होस् वा २०५६ सालमा, दुबै बहुमतप्राप्त दलका सरकार थिए र पनि स्थिरता कायम हुन नसकेको उदाहरण छँदैछ । तर मुख्य प्रश्न राजनीतिलाई मात्र अस्थिर बनाएको हो कि समग्र राज्य संयन्त्रलाई नै अस्थिर बनाउन चाहेको हो भन्ने नै हो । नेपालमा विगतको अवस्थाको विश्लेषण गर्दा समग्र राज्य संयन्त्रलाई नै अस्थिर बनाई आफ्नो प्रभुत्व बढाउने राजनीतिक ध्येय रहेको देखिन्छ, जुन कालान्तरमा सबैका लागि दुःखदायी हुन सक्छ भन्ने कुरा हाल आएर प्रमाणित भएको पनि छ ।

### (ख) अस्थिरताप्रतिको प्रशासनिक दृष्टिकोण

प्रशासनको प्रकृति र प्रवृत्ति दुबै स्थिरताका परिचायक हुन् । बहुसंख्यक प्रशासकहरु अस्थिरताप्रति सचेत रहेका हुन्छन् भन्ने मान्यता रहेको पाइन्छ र हुनु पर्ने पनि यही हो । तथापि प्रशासनमा राजनीतिकरण हुने गरेका देशहरुका प्रशासकहरु अस्थिरताको मौकालाई प्रयोग गर्दै आफ्नो

व्यक्तिगत स्वार्थ सिद्ध गर्नेतिर लाग्ने प्रवृत्ति बढेको पाइन्छ । नेपालका कतिपय उच्च प्रशासकहरु यही अवस्थाको सिर्जना गरी अस्थिरतामा रमाउन प्रयासरत रहेको देखिएको छ । र, अझै पनि प्रशासनयन्त्रमा अस्थिरता कायम गर्न उद्यत रहेको देखिएको पनि छ । प्रशासनयन्त्रलाई प्रशासकहरुले नै अस्थिर बनाउन प्रयास गर्ने गरेका उदाहरण नेपालमा प्रशस्त छन् ।

## (ग) अस्थिरताप्रतिको नागरिक र नागरिक संस्थाको दृष्टिकोण

सिद्धान्ततः नागरिक र नागरिक संस्था भनेका स्थिरताका परिचायक हुन् । राजनीतिक अस्थिरताको समयमा नागरिक संस्थाहरुको क्रियाशिलता बढेको हुन्छ । यसो हुनुमा राजनीतिक अस्थिरताको कारणले समाजमा अराजकता फैलिन नपाओस्, जनजीवन कष्टकर नहोस् र मानव अधिकारको उल्लंघन नहोस् भन्ने नै हो । नेपालमा राजनीतिक अस्थिरताको समयमा प्रशासनयन्त्रसँग सहकार्य गरेर देशलाई अरु बिग्रिन दिनबाट बचाउन प्रयासरत नागरिक संस्थाहरु ज्यादै कम रहेको देखिन्छ । नागरिक संस्था र प्रशासनयन्त्रका बीच उचित सम्बन्ध कायम हुन र सहकार्य हुन सकेकै छैन । दलगत राजनीतिक प्रभावमा नागरिक संस्थाहरुले कार्य गर्ने गरेको कारणले पनि यस्तो भएको हो भन्न सकिन्छ ।

## (घ) राजनीतिक अस्थिरतामा राज्य सञ्चालन

राजनीतिक अस्थिरतामा राज्य सञ्चालन गर्ने विषय ज्यादै जटील छ तर असम्भव नै चाहिं छैन । यसमा राजनीतिकर्मी, उच्च प्रशासक र नागरिक समाजका अगुवाहरुले एकसाथ काम गर्नु पर्ने हुन्छ । तर नेपालको केही वर्षको अनुभवलाई नियाल्दा यो सम्भावना पनि कम भएर गएको हो कि भन्ने देखिएको छ । राजनीतिक अस्थिरतामा राज्य सञ्चालनप्रति कसको कस्तो भूमिका हुन सक्छ भन्ने कुराहरु तलको विवेचनाबाट बुझ्न सकिन्छ ः

(१) राजनीतिकर्मीहरु राजनीतिक अस्थिरताको अवस्थालाई राजनीतिमा मात्र सीमित नराखी समग्र राज्य संयन्त्रमा राजनीतिकरण गर्न कत्तिको लागेका हुन्छन्, त्यसले राजनीतिक अस्थिरताको अवस्थालाई मूल्याङ्कन गर्नु पर्ने हुन्छ । यदि राजनीति आफ्नो क्षेत्रमा चलायमान भएर राज्य संयन्त्रको निर्वाध प्रयोग हुन दिने संस्कार भएको भएमा राज्यका अन्य संयन्त्रले काम गरी अस्थिरताको व्यवस्थापन गर्न सहयोग पुग्ने हुन्छ । यदि अस्थिरतालाई विषयवस्तु बनाएर राजनीतिकर्मीले कार्य गरेमा अस्थिरता अरु बढ्ने हुन्छ । नेपालमा अधिकांश राजनीतिकर्मीको ध्येय सबै क्षेत्रमा अस्थिरता कायम गर्नेतर्फ लक्षित रहेको देखिन्छ । यसले गर्दा देशमा अरु बढी अस्थिरता बढ्ने लक्षणहरु देखिंदैछन् ।

(२) राजनीतिक अस्थिरताको अवस्थामा प्रशासनयन्त्र सामान्यतः तीन किसिमले चलेको हुन्छ । एक किसिमका प्रशासकहरु अस्थिरतालाई आफ्नो व्यक्तिगत स्वार्थ सिद्ध गर्ने माध्यमको रुपमा प्रयोग गर्नमा जोड दिन्छन्, जसले राजनीतिक अस्थिरता बढाउनमा मद्दत गरिरहेको हुन्छ । दोस्रोथरि प्रशासकहरु यथास्थितिमा आफुलाई रक्षात्मक रुपमा राख्न चाहन्छन् । यस्तो अवस्थामा राज्य संयन्त्र जेनतेन चलेको त हुन्छ तर अस्थिरता कम गर्न खासै सहयोग पुगिरहेको हुँदैन । तेस्रो किसिमका प्रशासकहरु अस्थिरतालाई आफ्नो क्षेत्रबाट कसरी सकारात्मक तरिकाले व्यवस्थापन गर्न सकिन्छ भनेर लागिरहेका हुन्छन् । यस्तो अवस्थामा राजनीतिक अस्थिरता सामान्यतः राजनीतिक क्षेत्रमा मात्र सीमित हुन्छ र राज्य संयन्त्र बढी क्रियाशिल भई जनताका आवश्यकताहरु व्यवस्थापन गर्नमा सहज हुन्छ । नेपालमा पहिलो प्रकृतिका प्रशासकहरुको बाहुल्यता बढेको देखिन्छ भने तेस्रो किसिमका प्रशासकहरु ज्यादै न्यून रहेको अवस्था छ ।

(३) नागरिक समाज वा संस्थाले अस्थिरतालाई कम गर्न धेरै प्रभावकारी भूमिका निर्वाह गर्न सक्छन् । तर दलगत राजनीतिक आस्थालाई मुख्य विषयवस्तु बनाएर स्थापित एवं सञ्चालित नागरिक समाजले राजनीतिकर्मी भन्दा माथिल्लो स्तरको भूमिका खेल्न सक्तैन । नेपालमा राजनीति र प्रशासनका बीचमा सेतुको काम गरी अस्थिरताको समयमा राज्य संयन्त्रलाई उचित मार्गमा अग्रसर गराउन सक्रिय रहनु पर्ने नागरिक समाज सो कार्यमा चुकेको देखिन्छ ।

## ३. राजनीति र प्रशासनयन्त्रको अवस्था र प्रभाव

देशको विकासमा राजनीति र प्रशासनको भूमिका र प्रयोगको विषयलाई विभिन्न किसिमले विश्लेषण गर्ने गरेको पाइन्छ । राजनीति र प्रशासनका बीचको सम्बन्ध र सीमा बारे एक अर्काले ध्यान दिन नसकेको अवस्थामा देशको विकासमा अनेकौं अवरोधहरु आइपर्छन् । प्रशासनयन्त्र भनेको राजनीतिको उपक्षेत्र हो तापनि दलगत राजनीतिक क्रियाकलापहरुबाट प्रशासनयन्त्र सदैव अलग रहेर काम गर्ने वातावरण बनाउनु आवश्यक हुन्छ । यस सम्बन्धमा तलको विवेचनाले स्पस्टता दिनसक्छ ।

### (क) राजनीति र प्रशासनयन्त्र दुबै सबल भएको अवस्था

यो अवस्था सामान्यतः पूर्ण प्रजातान्त्रिक व्यवस्था विकसित भएको अवस्थामा मात्र सम्भव हुन्छ । यस्तो अवस्थामा राजनीति र प्रशासनको सम्बन्ध, सीमा र उत्तरदायित्व निश्चित भएको हुन्छ । प्रशासनयन्त्र स्वतन्त्र तर सत्तारुढ राजनीतिक दलको सरकारले गरेका निर्णय

कार्यान्वयनमा सक्रिय र प्रतिबद्ध भएको हुन्छ । जनताका प्रतिनिधिप्रति प्रशासकहरुले आदरभाव व्यक्त गर्ने र प्रशासनयन्त्रको विज्ञता र योग्यताको कदर राजनीतिक नेतृत्वबाट देखाउने परिपाटीको विकास भएको हुने अवस्था रहेको हुन्छ । नेपालको सन्दर्भमा यो अवस्थामा पुग्न अरु धेरै समय लाग्ने देखिन्छ ।

### (ख) राजनीति मजबूत र प्रशासनयन्त्र कमजोर भएको अवस्था

यस अवस्था सामान्यतः अधिनायकवादी शासन व्यवस्था भएका वा कुनै एक राजनीतिक दर्शन बोकेको राजनीतिक दलको वर्चस्वमा धेरै वर्षसम्म एकै दलले शासन गरेको अवस्थामा देखिन्छ । यस्तो अवस्थामा प्रशासनको स्वतन्त्र अस्तित्व नरहने तर राजनीतिक दलको कडा नियन्त्रणमा रही प्रशासनयन्त्रले काम गर्नुपर्ने अवस्था विद्यमान रहने, प्रशासनयन्त्र मेसिनजस्तो भएर प्रयोग हुने, प्रशासन व्यवस्थामा राजनीति हावी भएको हुने प्रवृत्तिहरु देखापरेका हुन्छन् । यो अवस्थामा प्रशासनयन्त्र तुलनात्मक रुपमा स्थिर रहेको हुन्छ तर मजवूत हुँदैन । नेपालको पञ्चायतकालीन प्रशासन यस किसिमको थियो ।

### (ग) राजनीति कमजोर र प्रशासनयन्त्र मजबूत भएको अवस्था

राजनीति र प्रशासन बीच स्पस्ट सम्बन्ध र सीमा निर्धारण नभएको अवस्था रहने, नीति निर्माणमा प्रशासनयन्त्र हावी हुने, राजनीतिक रुपमा जनताको प्रतिनिधित्व कमजोर भई जनआकांक्षा अनुरुप नीति बन्न नसक्ने अवस्था सिर्जना हुन सक्ने, प्राविधिक दृष्टिकोणले शासन व्यवस्था सहज रुपमा चलेको देखिए पनि सरकारप्रति जनताको विश्वासमा कमी रहेको देखिन सक्ने हुन्छ । प्रशासनयन्त्र मजबूत भएको अवस्थामा प्रशासनयन्त्रले सुझबुझका साथ काम गर्न सकेको खण्डमा भने राजनीति स्थिरता तर्फ बढ्दै विकासका काम द्रुत गतिमा बढ्न सक्ने अवस्था आउन सक्छ । सामान्यतः सैनिक शासन भएका देशहरुको प्रशासन यस किसिमको हुन्छ ।

### (घ) राजनीति र प्रशासन दुबै कमजोर भएको अवस्था

यो अवस्थामा जननिर्वाचित सरकारको अनुपस्थिति नरहेको अवस्था, वा कुनै राजनीतिक दलको स्पस्ट बहुमत नभएर संयुक्त सरकार सञ्चालन भएको अवस्था, आन्तरिक द्वन्द्व वा वाह्य आक्रमणका कारण देशको शासन व्यवस्था क्षतविक्षत भएको अवस्था, जनतामा डर, त्रास र अनिश्चितता रहेको अवस्था, कमजोर शान्ति सुव्यवस्था, राजनीतिक नेतृत्वले प्रशासनयन्त्रलाई विश्वास गर्न नसकेको अवस्था, राजनीतिक नेतृत्वको स्पस्ट दृष्टिकोणको अभावका कारण प्रशासनयन्त्रले के गर्ने वा नगर्ने भन्ने द्विविधामा रहेको अवस्था, व्यक्तिगत स्वार्थ वा समूहगत/गूटगत स्वार्थ हावी भएको हुने र गलत

तत्वले राज्य सञ्चालनको पृष्ठभूमीमा बसेर अप्रत्यक्ष रुपमा राज्यलाई असफल बनाउन प्रयासरत रहेको अवस्था विद्यमान रहेको हुन्छ । नेपालको विगत केही वर्षदेखिको अवस्था यस किसिमले विकसित भइरहेको थियो ।

### (ङ) राजनीतिक स्थिरतामा प्रशासनयन्त्रको अवस्था

राजनीतिक स्थिरताको समयमा प्रशासनयन्त्र पद्धतिमा आधारित व्यवस्थाको विकासमा केन्द्रित हुन्छ । यसले सरकारका अल्पकालीन तथा दीर्घकालीन नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा ध्यान दिनुपर्ने हुन्छ । प्रशासनयन्त्रले आफ्नो अनुभव र विज्ञताको उपयोग गर्ने अवसर पाउँछ । सामान्यतः सरकार र प्रशासनयन्त्रका बीच सामञ्जस्य स्थापित गर्न सहज हुन्छ ।

यदि एउटै दलको बहुमत प्राप्त सरकार बनेको छ भने र सो दलले प्रशासनयन्त्रमा परिवर्तन गर्ने नीति लियो भने प्रशासनयन्त्रमा अनावश्यक राजनीतिक दवावको सिर्जना हुन पनि सक्छ । यस्तो अवस्थामा प्रशासनयन्त्र केही अस्थिर हुन पुग्छ र कहिलेकाहीं पद्धतिको पालना र विकासमा अवरोध आउन सक्छ । यस्तो अवस्थामा परिवर्तन व्यवस्थापनका रणनीतिहरुको अवलम्बन गर्दै प्रशासनयन्त्रले कानुनको अधिनमा रही सरकारलाई सहयोग गरी प्रशासनका मूल्यमान्यतामा आँच आउन नदिनेतर्फ ध्यान दिनु पर्ने हुन्छ ।

## ४. परिवर्तित राजनीतिक अवस्थामा प्रशासनयन्त्रको भविष्य/भावी दिशा

नेपालमा राजनीतिक स्थिरतातर्फ अघि बढेको विद्यमान अवस्थामा प्रशासनयन्त्रको काँधमा अरु चुनौती थपिएको स्थिति छ । अवको प्रशासनिक नेतृत्वले ज्यादै सतर्कतापूर्वक काम नगरेको खण्डमा जनविश्वास प्राप्त गर्न प्रशासनयन्त्रलाई निकै कठिन हुन सक्नेछ । कतिपय उच्च प्रशासकहरुमा आफुलाई प्रशासक होइन, राजनीतिकर्मीको रुपमा प्रस्तुत गर्ने प्रवृत्ति बढेको अवस्था छ । यस्तै व्यक्तिहरुको भूमिका प्रशासनयन्त्रमा हावी हुँदै गइरहेको छ । यस्तो प्रवृत्ति भएका प्रशासक वा पूर्व प्रशासकहरुले प्रशासनयन्त्रलाई कमजोर बनाउन प्रयास गर्न सक्नेछन् । विगतमा जस्तो अस्थिरतामा हुर्केको प्रशासनयन्त्रले आफ्नो कार्यशैली र प्रवृत्तिमा सुधार नगरेमा नेपालको प्रशासनयन्त्र देहायको अवस्थामा पुग्न सक्ने सम्भावना देखिएको छ ;

(क) प्रशासनयन्त्र अरु अनिश्चितता तर्फ उन्मुख हुनेछ ।

(ख) योग्य व्यक्तिहरु प्रशासनमा नआउने क्रम अरु बढेर जानेछ ।

(ग) प्रशासनयन्त्रमाथि राजनीति हावी हुने क्रम अरु बढेर जाने छ र प्रशासकहरु जनताको नोकर होइन, राजनीतिक कार्यकर्ताको नोकरको रुपमा परिणत हुने अवस्था आउनेछ ।

(घ) जनताको नजरमा निकृष्ट प्रशासनयन्त्रको रुपमा चित्रित हुनेछ ।

(ङ) दात्री निकायहरुले नेपालको प्रशासनयन्त्रप्रति अविश्वास गर्ने अवस्था आउनेछ ।

(च) राजनीतिक नेतृत्वले वैकल्पिक प्रशासनिक व्यवस्थाको खोजी गर्ने अवस्था आउन सक्छ ।

## ५. राजनीतिक स्थिरताको समयमा प्रशासनलाई प्रभावकारी बनाउने उपायहरु

नेपाल राजनीतिक रुपमा नयाँ चरणमा प्रवेश गरेको छ । देश संघीय संरचनामा परिणत भएको विद्यमान अवस्थामा प्रशासनयन्त्रलाई पनि सोही अनुरुप अघि बढाउनु पर्ने भएकोछ । नयाँ संविधान जारी हुनासाथ प्रशासनयन्त्रमा सुधारको अभियान नै चलाउनु पर्ने थियो । तर राजनीतिक नेतृत्वमा दूरदर्शी सोचको अभाव र उच्च प्रशासकहरुमा सुधारप्रतिको क्रियाशिलताको कमीले गर्दा हालसम्म पनि पूर्ण रुपमा संघीयताको मर्म अनुसार प्रशासनयन्त्र अघि बढ्न सकिरहेको छैन । अचम्म त यो छ कि नयाँ संविधान अनुसार निर्वाचनको माध्यमबाट बनेको नयाँ सरकार गठन भएको डेढ वर्ष वितिसक्ता पनि प्रशासन सुधारको संयन्त्र र रणनीति बन्न सकिरहेको छैन । प्रशासनयन्त्र उही पुरानो ढर्रामा चलिरहेको छ । तसर्थ अव ढिलो नगरी राजनीतिको स्थिरता र विकास निर्माणको गति अनुरुप प्रशासनयन्त्रलाई अघि बढाउन देहायको व्यवस्था गर्नु आवश्यक देखिन्छ :

(क) प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय प्रशासन सुधार आयोग गठन गर्नुपर्छ । उक्त आयोगमा कार्यकारी उपाध्यक्ष र बढीमा तीनजना विज्ञ सदस्य रहनुपर्छ । सो आयोगले प्रशासनयन्त्रका विभिन्न पक्षमा छुट्टाछुट्टै अध्ययन अनुसन्धान गरी प्रधानमन्त्री मार्फत मन्त्रिपरिषदमा प्रस्ताव लगी निर्णय गरी लागु गर्ने व्यवस्था गर्नुपर्छ । पहिलेका प्रशासन सुधार आयोगहरुको जस्तो प्रतिवेदन तयार गरी एकैपटक सुझाव दिने काम अव गर्नु हुँदैन ।

(ख) उक्त आयोगले विज्ञहरु प्रयोग गरी तीनै तहको संगठन तथा व्यवस्थापन सर्बे गर्ने र छरितो प्रशासनयन्त्रको विकास गर्न सहयोग गर्नुपर्छ । यस्तो सर्बे गर्दा कार्यरत कर्मचारीसँग छलफल मात्र गर्ने तर विज्ञको राय अनुसार काम गर्ने र सुझाव दिने गर्नुपर्छ । हालको संघको प्रशासनयन्त्र संघीयताको मर्म अनुरुप नभएकोले यसमा विशेष अध्ययन गरी संघमा छरितो र चुस्त प्रशासन विकास गर्नु आवश्यक देखिन्छ ।

(ग) प्रशासनयन्त्र ज्यादै अनुत्प्रेरित रहेकोले सरकारी कर्मचारीको तलब सुविधाका सम्बन्धमा निरन्तर सुझाव दिन बढीमा तीन जना विज्ञ रहेको स्थायी प्रकृतिको आयोग वा उपयुक्त संयन्त्र बनाई सो संयन्त्रको सिफारिसका आधारमा मात्र तलब सुविधाको व्यवस्था गर्ने परिपाटीको विकास गर्नु आवश्यक छ । प्रशासनिक जनशक्तिलाई राज्यले जीवन निर्वाह गर्न आवश्यक पर्ने न्यूनतम तलब, सुविधा र प्रोत्साहन दिन सक्नुपर्छ ।

(घ) राजनीतिक क्षेत्रले राजनीति मात्र गर्नुपर्छ, राज्यसंयन्त्रलाई राजनीतिकरण होइन । प्रशासनयन्त्र सञ्चालनमा सहमतीय राजनीतिक संस्कृतिको विकास गर्नुपर्छ । प्रशासनयन्त्रको परिचालन गर्ने विषयमा समेत दलहरुबीच सहमति कायम गरी सुशासन ऐन, निजामती सेवा ऐन, आर्थिक प्रशासन सम्बन्धी ऐन लगायतका ऐनहरुले गरेको व्यवस्था अनुरुप प्रशासनिक काम कारवाहीलाई निर्वाध रुपमा चल्न दिनुपर्छ । प्रशासनयन्त्रलाई राजनीतिक भागबण्डाको क्रिडास्थल बनाउनबाट रोक्नुपर्छ ।

(ङ) प्रशासनिक नेतृत्वलाई प्रभावकारी बनाउनुपर्छ । प्रशासनिक नेतृत्व तहका सबै पदहरुमा योग्यता, क्षमता, इमान्दारिताका आधारमा पदस्थापन र सरुवा गर्ने परिपाटीको विकास हुनुपर्छ । कार्यसम्पादनका आधारमा कर्मचारीको मूल्याङ्कन हुने अवस्थाको सिर्जना गर्नुपर्छ । प्रशासनिक नेतृत्वले जनताको सेवामा ध्यान दिनुपर्छ, मन्त्री र मन्त्रीका आसेपासेको सेवामा होइन ।

(च) उच्च प्रशासकहरुमा कार्यगत एकता र समन्वयात्मक तरिकाले काम गर्ने संस्कारको विकास गर्नुपर्छ । दलगत राजनीतिक आस्थाका आधारमा प्रशासकहरु विभाजित हुनु हुँदैन । पदमा रहन्जेल आफ्नो आस्थालाई मौन राखी जनताको सेवाका लागि काम गर्नुपर्छ । यदि दलगत राजनीति गर्ने हो भने प्रशासकीय पद छोडेर राजनीतिमा भाग लिन जानुपर्छ ।

(छ) मानव पुँजीको विकासमा लगानी बढाई प्रशासनिक जनशक्तिको विकासमा जोड दिनुपर्छ । जनशक्तिको समुचित विकास विना देशको विकास सम्भव छैन । यसको साथै योग्यता र इमान्दारिताको कदर गर्ने परिपाटीको विकास गर्नुपर्छ । आश र त्रास दुबै सँगै लैजान सकिएको खण्डमा मात्र प्रशासनयन्त्र जनताप्रति उत्तरदायी हुन सक्छ भन्ने मान्यता अनुरुप काम गर्नु आवश्यक छ ।

(ज) सबै तहका प्रशासनिक संयन्त्रमा योग्यता प्रणालीको विकास गर्नुपर्छ । योग्य व्यक्तिले प्रवेश गर्न चाहने वातावरण बनाउनु पर्छ । योग्यताको आधारमा मात्र सार्वजनिक सेवाहरुमा कर्मचारी प्रवेश हुन सक्ने आधारलाई अरु मजवूत बनाउनु पर्छ ।

(झ) प्रशासकहरुले जनविश्वास अभिवृद्धि गर्न ध्यान दिनुपर्छ । साधन स्रोतको पारदर्शी प्रयोग र निष्पक्ष सेवाको माध्यमबाट काम गरी जनताको नजरमा प्रशासनयन्त्रको छवि उच्च राख्न सबै कर्मचारीले काम गर्ने परिपाटीको विकास गर्नुपर्छ ।

(ञ) विद्यमान कानुनी प्रावधानको पालनामा जोड दिनुपर्छ । नेपालका प्रशासनिक कानुनहरुले प्रशासकहरुलाई प्रशस्त अधिकार दिएको हुँदा ती कानुन अनुसार काम गर्न प्रशासकहरु लागिपर्नु पर्छ । कानुनको कार्यान्वयनमा अनावश्यक राजनीतिक हस्तक्षेप भएमा प्रशासकहरुले सामूहिक रुपमा त्यसको प्रतिवाद गर्ने हिम्मत राख्न सक्नुपर्छ ।

(ट) प्रशासनलाई दलगत वा गूटगत राजनीतिको प्रभाव भन्दा बाहिर राख्न निजामती सेवामा ट्रेड युनियनको अवधारणामा पुनरावलोकन गर्नु आवश्यक भइसकेकोछ । यस्ता युनियनहरु राजनीतिक दलका भातृ संगठनको रुपमा नरहने भनी सामूहिक रुपमा घोषणा गरेमा तुरुन्तै सुधारको अवस्थामा पुग्न सकिन्छ । त्यस्तै राजनीतिक नियुक्ति पाउन, राम्रा स्थानमा पदस्थापना र सरुवा वा बढुवा हुनका लागि शक्तिशाली दलको ढोका चाहार्ने प्रवृत्तिबाट उच्च प्रशासकहरुले आफुलाई मुक्त गराउनु आवश्यक छ ।

(ठ) नागरिक समाजका संस्थाहरुसंगको सहकार्य बढाउनुपर्छ । प्रशासकहरुले कानुन बमोजिम काम गर्ने र त्यसमा राजनीतिक दलहरुले वाधा अवरोध पुऱ्याएमा नागरिक समाजका संस्थाहरुसंग सहकार्य गरी राजनीतिक दवावको सामना गर्न प्रशासकहरु अग्रसर हुनुपर्छ । जनतामा निष्पक्ष सेवा पुर्याउने कार्यमा पनि नागरिक समाजका संस्थाहरुसंग प्रशासकहरुले सहकार्य गर्नु आवश्यक छ ।

(ड) प्रशासनिक अनुगमन तथा निरीक्षण प्रणालीलाई प्रभावकारी बनाउनु पर्छ । राजनीतिक स्थिरताको समयमा प्रशासनिक तहबाट काम कारवाहीको निरन्तर निरीक्षण तथा अनुगमन गरी सुधार गर्न सकिन्छ । वार्षिक कार्यक्रममा समेटिएका र स्वीकृत कार्यक्रम तथा आयोजनाहरुको निरन्तर अनुगमन तथा मूल्याङ्कन गरी विकास निर्माणको कार्यलाई प्रभावकारी बनाउन सकिन्छ ।

(ढ) प्रशासनयन्त्रमा भ्रष्टाचार बढेकोले सदाचार पद्दतिको विकास गर्नु आवश्यक भइसकेको छ । विद्यमान कानुनहरुको अक्षरश पालना गर्ने गराउने, योग्य, लगलशील र इमान्दार कर्मचारीलाई प्रोत्साहित गर्ने र कामचोरहरुलाई कारवाही गर्ने परिपाटीको विकास आवश्यक छ । कार्यसम्पादनको सही किसिमले मूल्याङ्कन गरेको खण्डमा यसतर्फ अघि बढ्न सकिन्छ । देशको समग्र सार्वजनिक कार्यमा सदाचार पद्दतिको विकास गर्न सदाचार नीति जारी गरी लागु गर्नु आवश्यक छ । सदाचार पद्दतिको विकास र अनुगमन समेत गर्ने अधिकारसहितको प्रधानमन्त्रीको प्रत्यक्ष मातहतमा उच्चस्तरीय सदाचार पद्दति विकास संयन्त्र निर्माण गर्नु पनि जरुरी देखिन्छ ।

## ६. उपसंहार

नेपाल अहिले राजनीतिक स्थिरताको बाटोमा आइपुगेको छ । राजनीति र प्रशासनका बीचमा उपयुक्त र उचित समन्वय भएमा देशको समृद्धि हासिल गर्ने उद्देश्य पूरा गर्न धेरै समय लाग्दैन । अव देशको प्रशासनमा सुधार गरी अघि बढ्ने अवसर पनि प्राप्त भएको छ । प्रशासनमा टुक्रे सुधारले अव काम दिंदैन । संघीय संरचना अनुरुपको प्रशासनिक संरचना र कार्यशैलीको विकास गर्नु आवश्यक भइसकेको अवस्था छ । अवको प्रशासनको सुधार कार्यकारी प्रमुखको रुपमा रहने

प्रधानमन्त्रीको अध्यक्षतामा विज्ञहरु रहेको उच्चस्तरीय आयोगको माध्यमबाट मात्र सम्भव छ भन्ने कुरामा सबैले ध्यान दिनु आवश्यक छ ।

नेपालको प्रशासनमा योग्य प्रशासकहरुको बाहुल्यता रहेको छ । यस किसिमको योग्यतालाई प्रयोग गर्ने वेला आएको छ । विद्यमान कानुनले दिएको अधिकारको परिधिभित्र बसेर प्रशासकहरुले राष्ट्रिय स्वार्थप्रति ध्यान दिएमा राजनीतिक रुपले देशले चाहे अनुरुपको विकास गर्न सक्ने अवस्था देखिन्छ ।

**सन्दर्भ सामग्री**


- विभिन्न प्रशासन सुधार आयोगका प्रतिवेदनहरु, नेपाल सरकार ।
- त्रिताल, शारदा प्रसाद (२०६८), सुशासन : प्रशासन, व्यवस्थापन र विकास, सोपान मासिक, काठमाडौं ।